# कर्णाली प्रदेश सरकार
# आन्तरिक मामिला तथा कानून मन्त्रालय
## वीरेन्द्रनगर,सुर्खेत, नेपाल

मा.मन्त्रीज्यू: ०८३-५२५६२२
सचिवज्यू: ०८३-५२२५२६
प्रशासन शाखा: ०८३-५२३०४५
फयाक्स न.०८३-५२५७७५


पत्र संख्या : २०७९।०८० (विपद् व्यवस्थापन शाखा) च.नं. मिति: २०७९/०६/०८

<u>विज्ञप्ति</u> ।

जल तथा मौसम विज्ञान विभाग,मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल पश्चिमी बायु सक्रिय रहेकाले प्रदेशका केही स्थानहरुमा यही २०७९ असोज ८ गते देखि मेघ गर्जन/चटयाङ सहित हल्का देखि मध्यम वर्षा भइरहेको छ भने असोज १० गते सोमवार सम्म पनि केहि स्थानमा भारी वर्षाको क्रम जारी रहने पूर्वानुमान छ । यसवाट पहाडी तथा भिरालो जमिनमा भू-क्षय, पहिरोको जोखिम , सडक तथा हवाई यातायातमा सामान्य प्रभावको सम्भावना रहेको छ। साथै नदी नाला तथा खहरे खोलाहरूमा पानीको सतह बढ्न सक्ने र दैनिक जनजीवनर यातायात क्षेत्र समेत प्रभावित हुन सक्ने भएकोले पहिरो जोखिम भएका वस्ती,नदी तटीय क्षेत्र र डुबान भईरहने होचा भूभागमा रहनु हुने बासिन्दाहरूले उच्च सतर्कताका साथ सुरक्षित रहनुहोला साथै अन्य सम्पूर्ण सरोकारवाला निकायलाई सम्भावित विपदमा प्रतिकार्यका लागी आवश्यक तयारी अवस्थामा रहन अनुरोध छ।